आज मिति २०७४।०२।२६ गते विहानको ११:०० बजे भद्रपुर नगरपालिका कार्यालयको सभाकक्षमा नगर प्रमुख जीवन कुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रहि नगर कार्यपालिका बोर्डको बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री जीवनकुमार श्रेष्ठ , नगर प्रमुख | |
| श्री चन्द्रमाया श्रेष्ठ , नगर , उपप्रमुख | |
| श्री दशरथ प्रधान , वडा अध्यक्ष का सदस्य | |
| श्री भिम बहादुर सुब्बा , | " " " " |
| श्री कमला थुलुङ् | " " " " |
| श्री हंशधर राजवंशी | " " " " |
| श्री बन्धु कार्की | " " " " |
| श्री प्रेम बहादुर बस्वाल | " " प्रति. अजय साहताल |
| श्री बिनोद प्रसाद पोखरेल | " " " " |
| श्री गौरब सुब्बा | " " " " |
| श्री शनिलाल राजवंशी | " " " " |
| श्री टेकबहादुर खड्का (कार्की) | " " " " |
| श्री कौशल्या अधिकारी | " " |
| श्री ममता लिम्बु | " " |
| श्री जानुका वि.क. | " " |
| श्री विभा पासवान | " " |
| श्री मित्रा भट्टराई | " " |
| श्री धनश्यामलकान्द्री | " " |
| श्री मुना खवास | " " |
| श्री भक्त बहादुर मुजेल | " " |
| श्री काजीमान राई | सदस्य सचिव |

आमन्त्रित

श्री सुधा रंजितकार , प्र.अ.

श्री योगेन्द्र रंजितकार , इन्जिनियर

श्री सुभाष भट्टराई , लेखा अधिकृत

श्री मन कुमार डाँगी , ना.सु.

श्री लक्ष्मी कर्ण

श्री प्रमोद प्रधान

श्री तुलसी पोखरेल वडा सदस्य वडा नं १०

श्री बोधराज पौडेल . कृ.प्र.अ.

प्रतिनिधि वडा नं. ६ श्री अजय साहताल ।

पशु चिकित्सक श्री कुमार सिंह क्षेत्री

Scanned by CamScanner

निर्णय नं. १

मिति २०७४ माघ ५ गते बसेको नगरपालिका बोर्ड बैठकबाट निर्णय भए बमोजिम चालु आ.व.का लागि प्रत्येक वडालाई १८ लाखका दरले बजेट शिलिङ उपलब्ध गराइए बमोजिम सबै वडा ~~परिषद्~~ सभाबाट निर्णय भएर आएका योजनाहरु उपर छलफल गरी नगर~~परिषद्~~ सभा बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २

नगरपालिका क्षेत्रभित्र नगरपालिका तथा अन्य निकाय, कार्यालयले सञ्चालन गरेका योजना र कार्यक्रमको गुणस्तर कायम राख्नका लागि तपशील बमोजिम अनुगमन समिति तथा उपसमिति गठन गर्ने निर्णय गरियो।

अनुगमन समिति :

| | |
|---|---|
| संयोजक | जीवनकुमार श्रेष्ठ, नगरप्रमुख |
| उपसंयोजक | चन्द्रमाया श्रेष्ठ, नगर उपप्रमुख |
| सदस्य | काजीमान राई, कार्यकारी अधिकृत |
| सदस्य | सम्बन्धित विषयगत समितिका संयोजक |
| सदस्य | सम्बन्धित वडाका वडाअध्यक्षहरु |
| सदस्यसचिव | सम्बन्धित विषयगत समितिका सदस्य सचिव |

अनुगमन उपसमिति :

| | |
|---|---|
| संयोजक | सम्बन्धित वडाका वडाअध्यक्ष |
| सदस्य | सम्बन्धित वडामा रहेका नगरकार्यपालिका बोर्डसदस्यहरु |
| सदस्य | वडासदस्यहरु |
| सदस्यसचिव | सम्बन्धित वडा सचिव |

निर्णय नं. ३

रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रम अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम विगतका वर्षहरुदेखि सञ्चालन रहेकोमा चालु आ.व. देखि उक्त कार्यक्रम समाप्त भएको। उक्त कार्यक्रम अन्तर्गत कार्यरत रहेको सामाजिक परिचालकहरुको म्याद कात्तिकमसान्त देखि समाप्त हुने भएकोले हाल कार्यरत सामाजिक परिचालकहरु मध्येबाट छनौट समिति गठन गरी १० वटा वडाका लागि प्रत्येक वडामा १/१ जनाका दरले १० जना सामाजिक परिचालक छनौट गरी म्याद थप गर्ने निर्णय गरियो

निर्णय नं. ४

वडामा आवश्यक पर्ने ह्युम पाइप, मिक्स गिट्टी, खेलकुद सामग्री, धार्मिक तथा सांस्कृतिक पर्वहरुको माग भइआएमा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा वडामा विनियोजन भएको बजेटबाट भुक्तानी दिने निर्णय गरियो।

Scanned by CamScanner

निर्णय नं. ५
यही आश्विन २ गतेदेखि सुनाल क्लबद्वारा सञ्चालित झापा जिल्ला एकाडेमी स्तरीय फुटबल प्रतियोगिता सञ्चालन हुने भएकोले उक्त प्रतियोगिता सफल रूपमा सञ्चालन गर्नका लागि युवा तथा खेलकुद शीर्षकबाट रु. ५०,०००/- (पचास हजार) बजेट उपलब्ध गराउने निर्णय गरियो

निर्णय नं. ६
स्थानीय तहलाई व्यवस्थित तथा प्रभावकारी बनाउने सन्दर्भमा नगरपालिका तथा नगरपालिका मातहत रहेको कर्मचारी र पदाधिकारीहरु वादी तथा प्रतिवादी हुने तथा बनाईने मुद्दा किनारा लगाउन नगरपालिकाले लिनुपर्ने कानुनी सल्लाहकार परामर्शलगायतका विषयमा कानुनी सल्लाह सुझाव लिनका वार्षिक रु. १,००,०००/- (एक लाख) एकमुष्ट भुक्तानी गर्ने गरी वरिष्ठ अधिवक्ताहरु (नगर क्षेत्रका) मध्येबाट एकजना कानुनी सल्लाहकार नियुक्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ७
नगरपालिका परिसरका सवारी साधन अव्यवस्थित रूपमा पार्किङ गर्नुपर्ने अवस्थालाई निराकरण गर्नका लागि प्राविधिक अनुगमन तथा मुल्यांकनका आधारमा उपयुक्त स्थानमा सवारी साधन पार्किङ निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ८
नगरपालिका क्षेत्रभित्र दर्ता भएका क्लब, मठमन्दिर, चर्च, मस्जिद, गुम्बा धार्मिक तथा सहकारी संस्थालाई गर्ने र दर्ता नभएका क्लब, मठमन्दिर, चर्च, मस्जिद, गुम्बा, धार्मिक तथा सहकारी संस्थालाई अविलम्ब नगरपालिकामा दर्ता गर्न सूचना सम्प्रेषण गर्ने र जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र आन्तरिक राजश्व कार्यालयमा नविकरण गर्न आँदा नगरपालिकाको अनिवार्य सिफारिस भए पछि मात्र नविकरण गर्ने निर्णय गरियो।

निर्णय नं. ~~८~~०९
नगर क्षेत्रभित्र रहेका बजार तथा पसलहरुमा मूल्य सूचि राखे नराखेको, सरसफाई रहे नरहेको लगायतका विषयमा जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय गरी प्रत्येक महिनाको पहिलो हप्ताभित्र बजार अनुगमन गर्ने तथा सो अनुकुल नरहेको भेटिएमा कानुन बमोजिम कार्वाही गर्ने निर्णय गरियो।

निर्णय नं. १०
मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने प्लास्टिकजन्य कप प्लेटलाई पूर्णप्रतिबन्ध गराई स्थानीयस्तरमा उत्पादित दुना तथा टपरीको प्रयोगलाई प्राथमिकता दिने निर्णय गरियो।

Scanned by CamScanner

निर्णय नं. ११

वडाको क्षेत्रभित्र सडक क्षेत्रलाई अतिक्रमण गरी निर्माण सामग्री थुपार्ने, अस्थाई वा स्थाई प्रकृतिको संरचना निर्माण गर्ने, सेप्टिक ट्यांकीको फोहोर नालीमा मिसाउने गरेको पाइएमा सम्बन्धित वडा अध्यक्षले तत्काल हटाउन लगाउने। यदी अटेर गरी बसेमा नगरपालिकाबाट सवारी साधन झिकाई उक्त सामाग्री वडा कार्यालय तथा नगरपालिकामा दाखिला गर्ने र आवश्यक जरिवाना गरी फिर्ता गर्ने वा लिलामी प्रक्रियामा लैजाने निर्णय गरियो साथै उक्त सामाग्री राख्नै पर्ने भएमा सार्वजनिक आवगमनलाई असर नहुने गरी सम्बन्धित टोल विकास संस्थाको समन्वयमा वडा अध्यक्षको निर्देशन अनुसार ५ दिनसम्म तोकिएको स्थान राख्न दिइने भनी नागरिक एफ.एम. तथा माइकिङ्ग बाट सूचना सम्प्रेशण गर्ने निर्णय गरियो

निर्णय नं. १२

नगरपालिका, वडाकार्यालय तथा अन्य निकायबाट आयोजना गरिने सार्वजनिक कार्यक्रमहरूमा खादाको प्रयोगलाई न्यूनिकरण गर्दै पुष्प गुच्छा, टोपीमने प्रयोगलाई बढवा दिदैं लैजाने निर्णय गरियो।

निर्णय नं. १३

घर तथा कार्यालयबाट उत्सर्जन हुने फोहोरहरूलाई जैविक (कुहिने) तथा अजैविक (नकुहिने) गरी फरक फरक बाल्टि वा डस्टविनमा वर्गीकरण गर्ने र जैविक फोहरलाई मलको रूपमा तथा अजैविक फोहोरलाई नगरपालिकाको फोहोर गाडीमा जम्मा गरिदिन सम्पूर्ण नगरवासीहरूलाई अनुरोध गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने निर्णय गरियो।

निर्णय नं. १४

यस नगरपालिका र विद्युत शाखामा जोखिमपूर्ण काम भएको हुनाले ती शाखामा काम गर्ने कर्मचारीहरुलाई विमा कार्यक्रम लागू गर्ने तथा नगरपालिकामा कार्यरत अन्य कर्मचारीहरुको हकमा रु. १,००,०००।- (एकलाख) बराबरको जीवन विमा कार्यक्रम लागु गर्ने जसमा ५० प्रतिशत कर्मचारी स्वयमले र ५० प्रतिशत नगरपालिका कार्यालयले व्यहोर्ने निर्णय गरियो।

निर्णय नं. १५:

मिति २०७४।७।३१ गते "दररेट निर्धारण समिति" झापाले यस आ.व. ०७४।०७५ कालागी स्वीकृत भएको जिल्ला दररेटलाई नै यस आ.व. ०७४।०७५ को भद्रपुर नगरपालिकाको स्थानीय तह दररेट कायम गर्ने निर्णय गरियो।

निर्णय नं. १६ –

Scanned by CamScanner

भद्रपुर नगरपालिका क्षेत्र भित्र उपयुक्त स्थानमा ट्राफिक कार्यालय स्थापना गर्न नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो।

निर्णय नं. १७

महिला स्वास्थ्य स्वयम्सेवकहरुको सन्दर्भमा महिला स्वास्थ्य स्वयम्सेवक व्यवस्थापन उपसमितिका संयोजक भिम भट्टराईले पेश गर्नु भएको उपसमितिको बैठकको निर्णयअनुसार निम्न अनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

(क) महिला स्वास्थ्य स्वयमसेविकाले आफ्नो वडाको क्षेत्रमा सेवा प्रदान गरी मासिक प्रतिवेदन पेश गरेपछि मासिक भत्ता रु. ५००।- (पाँच सय) उपलब्ध गराउने।

(ख) ६० वर्ष पुरा भएको महिला स्वास्थ्य स्वयम्सेवकलाई दिर्घ-कालिन सेवाका लागि सम्मानजनक विदाईका लागि नेपाल सरकारबाट प्राप्त रु. १०,०००।- (दश हजार) र थप नगर-पालिकाबाट रु. ३०,०००।- (तीस हजार) गरी जम्मा ४०,०००।- (चालीस हजार) तथा सम्मानपत्र सहित विदाई गर्ने।

निर्णय नं. १८

विगत वर्षहरुमा जिल्ला कृषि विकास कार्यालय द्वारा संचालित सम्पूर्ण कृषि प्रसार। विकास कार्यक्रमहरु चालु आ.व. ०७४।०७५ देखि नगरपालिकाबाट सन्चालन हुने भएकाले यस नगर भित्रका क्रियाशील सबै कृषक समुह। सहकारी उद्यमीहरुलाई तोकिएको विवरण सहित नगरपालिकामा सुचिकृतका लागि सुचना प्रशारण गर्ने निर्णय गरियो।

निर्णय नं. १९

यस नगरपालिकाको आ.व. ०७३।०७४ को स्वीकृत लक्षित वर्ग विकास कार्यक्रम अन्तर्गत क्षमता विकास तालिममा महिलाहरुलाई प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम तीन चरणमा तीनवटा क्षेत्रहरु पृथ्वीनगर, भद्रपुर र चन्द्रगढीमा संचालन गर्ने गरी कार्यालयबाट पेश भएको सदर टिप्पणी यसै बैठकमा सो सम्वन्धमा जानकारी गराईनका साथै कार्यक्रम संचालन गर्ने समेत निर्णय गरियो।

Scanned by CamScanner